# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, माघ १५ गते, २०७४ साल (संख्या ५३

## भाग ३

नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

## सूचना १

### पर्वतारोहण सम्बन्धी (पाँचौं संशोधन) नियमावली, २०७४

पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "पर्वतारोहण सम्बन्धी (पाँचौं संशोधन) नियमावली, २०७४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ मा नियम २क.थप: पर्वतारोहण सम्बन्धी नियमावली, २०५९(यसपछि "मूल नियमावली" भनिएको) को नियम २ पछि देहायको नियम २क. थपिएको छ :-

"२क. पर्वतारोहणका लागि हिमालचुली खुला गर्ने: (१) ऐनको दफा १७ बमोजिम नेपाल सरकारले पर्वतारोहणका लागि हिमालचुली खुला गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम पर्वतारोहणका लागि खुला गरिएका हिमालचुलीको नाम, उचाई, हिमालय श्रृंखला, भौगोलिक अवस्थिति समेतको विवरण मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।".



३. मूल नियमावलीको नियम ३ मा संशोधन: मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) पर्वतारोहणको लागि अनुमति लिन चाहने पर्वतारोही दलका तर्फबाट सो दलका नेताले अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा दरखास्त दिनु पर्नेछ।"

(२) उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(३) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिलाई पर्वतारोहणको अनुमति दिइने छैन :-

(क) सोह्र वर्ष उमेर पूरा नगरेको,

(ख) कुनै गम्भीर रोगका कारण पर्वतारोहणको लागि अयोग्य भएको भनी चिकित्सकबाट प्रमाणित भएको, वा

(ग) दुवै हात वा खुट्टा नभएको वा दुवै आँखाले देख्न नसक्ने।"

४. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएकोछ :-

"(क१) पर्वतारोहणको लागि जाँदा कम्तीमा एक जना पर्वतीय पथ प्रदर्शक लिई जानु पर्ने,"

(२) खण्ड (ट) पछि देहायका खण्ड (ठ) र (ड) थपिएका छन्:-

"(ठ) आधार शिविरदेखि हिमालचुलीको चुचुरोको

अन्तिम बिन्दुसम्म जाँदा र फर्कँदाको सम्पूर्ण दूरी पैदलै तय गर्नुपर्ने,

तर पर्वतारोहीको आपतकालीन उद्धारको लागि हेलिकप्टर, हवाइजहाज तथा बेलुनको प्रयोग गर्न बाधा पर्ने छैन।

(ङ) पर्वतारोहण सम्बन्धी उपकरण तथा सामग्री पर्वतारोही वा सो दलसँग जान अनुमति प्राप्त कामदारले मात्र लैजाने व्यवस्था गर्ने।"

५. मूल नियमावलीमा नियम ६क.थप: मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६क.थपिएको छः-

"६क. इजाजतप्राप्त ट्रेकिङ एजेन्सीले प्रतिनिधि भई काम गर्न सक्ने: ऐनको दफा २६ को उपदफा (१) बमोजिम पर्वतारोही दलबाट प्रतिनिधि नियुक्त भएको इजाजतप्राप्त ट्रेकिङ्ग एजेन्सीले त्यस्तो दलको पर्वतारोहण सञ्चालन गर्न, पर्वतारोहणका लागि आवश्यक पर्ने कामदार उपलब्ध गराउन, निजहरूको बीमा र स्वास्थ्य परीक्षण गराउन, पर्वतारोहीका तर्फबाट आवेदन लगायतका कागजात तयार पार्न, नेपाल सरकारलाई तिर्नुपर्ने राजश्व लगायतका रकम बुझाउन, ब्रिफिङ र डिब्रिफिङ कार्यमा पर्वतारोहीलाई सहजीकरण र सहयोग गर्न तथा आपतकालीन उद्धार कार्य गर्न सक्नेछ।"

६. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ मा रहेका "बाह्रवटा वाकीटकी" भन्ने शब्दहरूको सट्टा "बढीमा पन्ध्रवटा वाकीटकी" भन्ने शब्दहरु राखिएका छन्।

७. मूल नियमावलीको नियम १९ मा संशोधन: (१) मूल नियमावलीको नियम १९ को,–

(१) उपनियम (१) को,–

(क) खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन् :-

"(क) सम्पर्क अधिकृतका लागि पन्ध्र लाख रुपैयाँ,

(ख) सरदार, पर्वतीय पथप्रदर्शक र उचाईमा जाने कामदार प्रत्येकका लागि पन्ध्र लाख रुपैयाँ,

(ग) आधार शिविरका कामदार प्रत्येकका लागि आठ लाख रुपैयाँ।"

(ख) खण्ड (घ) झिकिएको छ।

(२) उपनियम (२) मा रहेका "दुई लाख पचास हजार रुपैयाँमा" भन्ने शव्दहरुको सट्टा "प्रत्येक कामदारका लागि पाँच लाख रुपैयाँमा" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) पर्वतारोही दलले आफ्नो साथमा जाने सम्पर्क अधिकृत, सरदार, पर्वतीय पथ प्रदर्शक, उचाईमा जाने कामदार, आधार शिविरका कामदार र स्थानीय कामदार दुर्घटनामा परी सामान्य चोटपटक लागेमा औषधोपचार गर्न प्रत्येकको लागि नेपाल सरकारद्वारा मान्यताप्राप्त बीमा कम्पनीसँग देहाय बमोजिम बीमा गराउनु पर्नेछ :-

(क) छ हजार पाँच सय मीटरसम्म उचाईका हिमालचुलीको आरोहण गर्नु पर्दा कम्तीमा तीन लाख रुपैयाँको,

(ख) छ हजार पाँच सय मीटरभन्दा बढी उचाईका हिमालचुलीको आरोहण गर्नु पर्दा कम्तीमा चार लाख रुपैयाँको।"

८. मूल नियमावलीको नियम ३३ मा संशोधन : मूल नियमावलीको नियम ३३ को सट्टा देहायको नियम ३३ राखिएको छ :-

"३३. प्रमाणपत्र दिइने : (१) सफलतापूर्वक पर्वतारोहण गर्ने पर्वतारोही दल र त्यसका सदस्यलाई मन्त्रालयले अनुसूची–१३ बमोजिमको ढाँचामा पर्वतारोहणको प्रमाणपत्र दिनेछ।

(२) सफलतापूर्वक पर्वतारोहण गर्ने पर्वतारोही दलका साथमा संलग्न भई पर्वतारोहण गर्ने सरदार, पर्वतीय पथप्रदर्शक र

उचाईमा जाने कामदारलाई मन्त्रालयले अनुसूची–१४ बमोजिमको ढाँचामा पर्वतारोहणको प्रमाणपत्र दिनेछ।

(३) उपनियम (१) र (२) बमोजिमको प्रमाणपत्रको लागि पर्वतारोही दलको सम्पर्क अधिकृत, त्यस्तो दलको नेता र सम्बन्धित ट्रेकिङ्ग एजेन्सीले पर्वतारोहण गरेको प्रमाणित गरेको कागजात र पर्वतारोहण गरेको पुष्टि हुने तस्वीर तथा अन्य आवश्यक प्रमाण मन्त्रालयमा पेश गर्नु पर्नेछ।"

९. मूल नियमावलीको नियम ३६ मा संशोधन : मूल नियमावलीको नियम ३६ मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

१०. मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीको,-

(१) अनुसूची–११ को क्रम सङ्ख्या २३ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) आधार शिविरमा बसेको अवधिको स्वघोषणा,"

(२) अनुसूची– १३ को सट्टा यसैसाथ संलग्न अनुसूची-१३ राखिएको छ।

(३) अनुसूची– १३ पछि यसैसाथ संलग्न अनुसूची-१४ थपिएको छ।

"अनुसूची–१३

(नियम ३३ को उपनियम (१) सँग सम्बन्धित)

पर्वतारोहण प्रमाणपत्र

विक्रम संवत्.......... साल.........महिना..........गते ( ) मा...........निवासो श्री .......... (राहदानी/नागरिकता नं..............) ले ............................ नामक पर्वतारोही दलको नेता / सदस्यको हैसियतले ....................... मिटर अग्लो ................................ हिमालचूली सफलतापूर्वक आरोहण गरेको हुँदा यो प्रमाणपत्र प्रदान गरिएको छ।

कार्यालयको छाप

प्रमाणपत्र दिने अधिकारीको,-
सही:
नाम:
पद:
कार्यालय:
मिति:

Certificate of Mountaineering Expedition

This is to certify that Mr./Mrs./Ms....................................... Resident............. (Passport-No/Citizenship Certificate No. ..........), has successfully climbed ................meter high ....... mountain peak on....../..../ ......., as a leader/ member of .....................mountaineer-ing expedition team.

Office Stamp

Issuing Officer's,-
Signature:
Name:
Designation:
Office:
Date: "

"अनुसूची–१४

(नियम ३३ को उपनियम (२) सँग सम्बन्धित)

पर्वतारोहण प्रमाणपत्र

विक्रम संवत्.......साल...........महिना...... गते ( ) मा..................निवासी श्री.............. (नागरिकता नं....) ले...... नामक पर्वतारोही दलको सरदार/ पर्वतीय पथ प्रदर्शक/उचाईमा जाने कामदारको........हैसियतले.........मिटर........अग्लो..........हिमाल सफलतापूर्वक आरोहण गरेको हुँदा यो प्रमाणपत्र प्रदान गरिएको छ ।

कार्यालयको छाप

प्रमाणपत्र दिने अधिकारीको,-

सही:

नाम:

पद:

कार्यालय:

मिति:

Certificate of Mountaineering Expedition

This is to certify that Mr. / Mrs. / Ms........................................ Resident.............. (Citizenship Certificate No. ...........), has successfully climbed the ................meter high ....... mountain peak on......./..../ ......., as a Sardar/ Mountain Guide/ Altitude Worker of.....................mountaineering expedition team.

Office Stamp

Issuing Officer's,-

Signature:

Name:

Designation:

Office:

Date:"

खण्ड ६७) संख्या ५३ नेपाल राजपत्र भाग ३ मिति २०७४।१०।१५

## सूचना २

### ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी (छैठौं संशोधन) नियमावली, २०७४

ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी (छैठौं संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२ को नियम २ मा संशोधन : ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) "विभाग" भन्नाले पर्यटन विभाग सम्झनु पर्छ ।"

३. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ मा रहेका "पन्ध्र हजार रूपैयाँ"भन्ने शब्दहरूको सट्टा "पच्चीस हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ :-

"५. कम्पनीको दर्ता तथा बैङ्क ग्यारेन्टी सम्बन्धी व्यवस्था: (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले इजाजतपत्र लिनु अघि देहाय बमोजिमको चालू वा चुक्ता पुँजी भएको फर्म वा कम्पनी दर्ता गर्नु पर्नेछ :-

(क) फर्मको हकमा कम्तीमा दश लाख रुपैयाँ,

(ख) कम्पनीको हकमा कम्तीमा पच्चीस लाख रुपैयाँ।

(२) इजाजतपत्रको लागि दरखास्त दिने ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्र लिनु अघि इजाजतपत्रको अवधिभर सुरक्षण बापत कम्तीमा पाँच लाख रूपैयाँ बराबरको बैङ्क ग्यारेण्टी मन्त्रालयको नाममा राख्नु पर्नेछ।

(३) यो नियम प्रारम्भ हुनु अघि इजाजतपत्र लिई सकेका ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्र नवीकरण गराउँदाका बखत उपनियम (१) बमोजिमको चालू वा चुक्ता पूँजी कायम गरी उपनियम (२) बमोजिमको बैंक ग्यारेण्टी अटुट रहेको प्रमाण मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै ट्राभल वा ट्रेकिङ्ग एजेन्सी पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता गर्दा प्रचलित कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीको लागि आवश्यक चुक्ता पूँजी कायम गर्नु पर्नेछ।"

५. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को,–

(१) उपनियम (२) मा रहेका "दश हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पच्चीस हजार रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (५) र (६) को सट्टा देहायका उपनियम (५) र (६) राखिएका छन्:-

"(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म इजाजतपत्र नवीकरण नगराएको इजाजतपत्रप्राप्त व्यक्तिले त्यस्तो इजाजतपत्र नवीकरण गराउन चाहेमा यो उपनियम प्रारम्भ भएको छ महिना भित्र मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम निवेदन प्राप्त भएमा मन्त्रालयले जति वर्षसम्म इजाजत नवीकरण नगराएको हो त्यति वर्षको प्रत्येक वर्षको लागि नवीकरण दस्तुरको शत प्रतिशत दस्तुर लिई एक पटकको लागि नवीकरण गरिदिन सक्नेछ।"

६. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) पर्यटकले ट्राभल वा ट्रेकिङ्गको लागि प्रस्थान गर्नु अघि आफ्नो साथमा जाने कामदारको नाइके तथा कामदारलाई ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको अभियान समाप्त गरी नफर्केसम्मको लागि नेपालभित्र संस्थापित बीमा कम्पनीबाट दश लाख रुपैयाँमा नघट्ने गरी





व्यक्तिगत दुर्घटना बीमा गराउनु पर्नेछ।"

(२) उपनियम (३) को ठाउँ ठाउँमा रहेको "मन्त्रालय" भन्ने शब्दको सट्टा "विभाग" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (४) मा रहेका "कम्तीमा पचास हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "कम्तीमा पाँच लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएको छ।

७. मूल नियमावलीको नियम १२क. मा संशोधन : मूल नियमावलीको नियम १२क. को ठाउँ ठाउँमा रहेको "मन्त्रालय" भन्ने शब्दको सट्टा "विभाग" भन्ने शब्द राखिएको छ।

८. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को सट्टा देहायको नियम १६राखिएको छ :-

"१६. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने : इजाजतपत्र प्राप्त व्यक्तिले वर्ष भरी गरेको आफ्नो कारोबारको विवरण सहितको प्रतिवेदन सो आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र अनुसूची–५ बमोजिमको ढाँचामा मन्त्रालयमा पेश गर्नु पर्नेछ।"

९. मूल नियमावलीमा नियम १७क. थप :मूल नियमावलीको नियम १७ पछि देहायको नियम १७क. थपिएको छ :-

"१७क. अनलाइन प्रणालीबाट सेवा उपलब्ध गराउन सक्ने : (१) मन्त्रालय तथा विभागले यस नियमावली बमोजिम गरिने काम कारबाही आवश्यकता अनुसार अनलाइन प्रणालीबाट समेत गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनलाइन प्रणालीबाट गरिने काम कारबाहीको शर्त र प्रक्रिया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।"

१०. मूल नियमावलीको नियम १८ मा संशोधन : मूल नियमावलीको नियम १८ मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

११. मूल नियमावलीको नियम २० मा संशोधन : मूल नियमावलीको नियम २० मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

१२. मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीको अनुसूची-४ को सट्टा

यसैसाथ संलग्न अनुसूची-४ राखिएको छ।

"अनुसूची– ४

(नियम १० सँग सम्बन्धित)

कामदारलाई दिनु पर्ने पारिश्रमिक दर

(क) ३७०० मिटर सम्मको उचाइमा जाने कामदारको नाइकेलाई कम्तीमा एक हजार पाँच सय रुपैयाँ र कामदारलाई कम्तीमा एक हजार तीन सय रुपैयाँ,

(ख) ३७०० मिटर भन्दा माथिको उचाइमा जाने कामदारको नाइकेलाई कम्तीमा दुई हजार रुपैयाँ र कामदारलाइ कम्तीमा एक हजार पाँचसय रुपैयाँ।"

**आज्ञाले,**
**महेश्वर न्यौपाने**
**नेपाल सरकारको सचिव**